## साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना

### बर्जु गाउँपालिका, सुनसरी

**प्रथम पटक प्रकाशित मिति २०७८।०२।१७**

आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया-२०७७" बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था, कृषक समूह/समितिहरुको यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८।०२।३१ गते सम्ममा) कार्यालय समयभित्र अनुसूची २ अनुसारको विवरणका साथ निम्न कागजातहरु सलग्न राखि अनुसूची ३ अनुसारको निवेदन दर्ता गर्नु हुन सूचना आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | साझेदार समूह/समिति/सहकारीबाट व्यहोरीने रकम |
|---|---|---|---|
| १ | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन | १ | २५% |

<u>सलग्न गर्नु पर्ने कागजातहरु</u>

१. समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
२. कर चुक्ता प्रमाण पत्र (सहकारीको हकमा)
३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
४. अनुसूची-२ अनुसारको संक्षिप्त कार्ययोजना विवरण
५. समूह/समिति/सहकारीको निर्णयको प्रतिलिपि
६. आवश्यक भएमा अन्य कागजातहरु समेत

निवेदन र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा निवेदनको नमुना यस बर्जु गाउँपालिकाको वेबसाईट https://www.barjumun.gov.np/ बाट डाउन लोड गर्न सकिने छ वा पशुसेवा शाखाबाट प्राप्त गर्न सकिने छ । अन्य थप जानकारीका लागि फोन नं. ९८०८२७०५३८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

श्याम कुमार गुरुङ
(कार्यक्रम संयोजक)
आर्थिक विकास समिति